# प्रदेश सरकार

# विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्रादेशिक नीति

## Provincial Disaster and Climate Risk Reduction and Management Policy

आन्तरिक मामिला तथा कानून मन्त्रालय

प्रदेश-२

जनकपुरधाम, धनुषा

पौष २०७६

## विषय सूची


| | पेज नं |
|---|---|
| **आवरण पृष्ठ** | **१** |
| **विषय सूची** | **२** |
| **परिच्छेद १ : प्रदेश-२ मा विपद् तथा जलवायुजन्य जोखिमको अवस्था** | **३-५** |
| **१.१ पृष्ठभूमि** | **३** |
| **१.२ विपद् तथा जलवायुजन्य जोखिम विश्लेषण** | |
| १.२.१ बाढीको जोखिम विश्लेषण | ३-४ |
| १.२.२ खडेरीको जोखिम विश्लेषण | ४ |
| १.२.३ आगलागीको जोखिम विश्लेषण | ५ |
| १.२.४ शीतलहरको जोखिम विश्लेषण | ५ |
| १.२.५ अन्य प्रकोपको जोखिम विश्लेषण | ५ |
| **परिच्छेद २ : दीर्घकालीन सोच, ध्येय, लक्ष्य, उद्देश्य, अवधारणा र नीतिहरू** | **६-१४** |
| २.१ दीर्घकालीन सोच | ६ |
| २.२ ध्येय | ६ |
| २.३ लक्ष्य | ६ |
| २.४ उद्देश्यहरू | ६ |
| २.५ अवधारणा | ७ |
| २.६ नीतिहरू | ८-१४ |
| **परिच्छेद ३ : नीति कार्यान्वयन, अनुगमन, मूल्याङ्कन, पुनरावलोकन** | **१५** |
| ३.१ नीतिको कार्यान्वयन र समन्वय | १५ |
| ३.२ नीतिको अनुगमन, मूल्याङ्कन | १५ |
| ३.३ नीतको पुनरावलोकन | १५ |

# परिच्छेद १ : प्रदेश-२ मा विपद् तथा जलवायुजन्य जोखिमको अवस्था

## १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ को अनुसूची ४ अनुसार प्रदेश-२ मा सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा जिल्लाहरू रहने व्यवस्था गरेको छ । कूल क्षेत्रफल ९९०७ वर्ग किलामिटर रहेको प्रदेश-२ ले नेपालको कूल भूभागको ६.७३ प्रतिशत भूभाग ओगटेको छ । यस प्रदेशको कूल जनसङ्ख्या ५४२६३८८ रहेको छ र जनसङ्ख्याको हिसाबले यो नेपालको दोस्रो ठूलो प्रदेश हो । प्रशासनिक विभाजनका अनुसार यस प्रदेशमा १ महानगरपालिका, ३ उपमहानगरपालिका, ७३ नगरपालिका र ५९ वटा गाउँपालिका गरी जम्मा १३६ वटा स्थानीय तहहरू रहेका छन् ।

सन् २०११ मा प्रकाशित **प्रदेशस्तरीय तुलनात्मक विकास अवस्था** नामक जर्नलका अनुसार समग्र नेपालको मानव विकास सूचकांक ०.५२२ र प्रदेश-२ को मानव विकास सूचकांक ०.४८८ रहेको छ । तुलनात्मक रूपमा यो कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशभन्दा माथि र प्रदेश-१, प्रदेश-३, गण्डकी प्रदेश र प्रदेश-५ भन्दा तल रहेको छ । यस प्रदेशको गरिबीको प्रतिशत ४१.७७ छ र निरपेक्ष गरिबीको रेखामुनि रहेका जनसङ्ख्याको प्रतिशत १९.८ रहेको छ । गरिबीको तुलनात्मक हिसाबले यो कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेश भन्दा राम्रो स्थितिमा रहेको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले प्रकाशित गरेको **तथ्याङ्कमा शिक्षा** नामक किताबमा समग्र नेपालको साक्षरता प्रतिशत ६५.९४ रहेको छ र प्रदेश-२ को साक्षरता प्रतिशत ४९.५४ रहेको छ ।

प्रदेश-२ समुद्री सतहबाट ६५ देखि ३०० मिटर सम्मको उचाइमा रहेको छ । यस प्रदेशको औषत तापक्रम २५ डिग्री सेल्सियस रहेको छ । गर्मी मौसममा यस प्रदेशको अधिकतम तापक्रम ४० डिग्रीभन्दा बढी रहन्छ र जाडो मौसममा ७ डिग्रीभन्दा कम तापक्रम हुने गर्दछ [1] । वातावरणीय तथ्याङ्क २०१९ अुनसार प्रदेश-२ मा वार्षिक औषत वर्षा १५०० देखि २००० मिलि हुने गरेको छ । नेपालको अन्न भण्डार मानिने यस प्रदेशमा साना ठूला गरी ५० भन्दा बढी खोला तथा नदीनालाहरू बग्ने गर्दछन् । प्रशस्त संभावना, समथर जमिन, सुन्दर र उब्जाउशील भूमि भए तापनि यो प्रदेश विपद् जोखिमको दृष्टिले उच्च जोखिम प्रदेशको रूपमा रहेको छ । प्रत्येक वर्ष बाढी, डुबान, कटान तथा पटानले ठूलो माात्रामा धनजनको क्षति हुने गरेको छ ।

बाढी, खडेरी, आगलागी, शीतलहर, महामारी, लु, असिना, जङ्गली जनावरबाट अन्नबाली क्षति, कृषि बालीमा लाग्ने रोग, चट्याङ्ग, हावाहुरी, पोखरीमा डुब्ने र सर्पदंश यस प्रदेशको विपद् निम्त्याउने प्रमुख प्रकोपहरू हुन् । विपद्बाट प्रत्येक वर्ष हजारौंको सङ्ख्यामा महिला, बालबालिका, जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरू प्रभावित हुने गरेका छन् । विगत १० वर्षयता विपद्को विश्लेषण गर्दा प्रदेश-२ मा बहुप्रकोपबाट ३४७ जना मानिसहरूको मृत्यु भएको र १३५७७ परिवार प्रभावित भएको गृह मन्त्रालयको तथ्याङ्कले देखाउँछ । प्रदेश-२ मा हुने विपद्जन्य घटनाको सम्बन्ध प्रदेश-२ सँग मात्र नभएर प्रदेश-१ र प्रदेश-३ सँग पनि रहेको छ । तीनवटै प्रदेशका साझा नदीहरू, वनजङ्गल आदिबाट सिर्जित हुने प्रकोपले एक अर्को प्रदेशमा असर गर्दछ । प्रदेश-१ र प्रदेश-३ बाट बगेर आउने नदीहरूले वर्षेनी माटो, ढुङ्गा, गेग्रान बगाउँदै तराईको समथर जमिनमा ल्याएर थुपार्ने हुनाले नदीको सतह बढेर खेतीयोग्य भूमिलाई बगरमा परिणत गरिदिएको छ । प्रदेश-१ र प्रदेश-३ अन्तर्गतका नदीहरूमा निर्माण गरिने बाँधका कारणले प्रदेश-२ को भूमिगत सिंचाईमा प्रत्यक्ष प्रभाव पार्न सक्दछ । यसैगरी प्रदेश-१ र प्रदेश-३ अन्तगत रहेका वनजङ्गलहरूबाट निस्कने जङ्गली

[1] Climate of Nepal, Nepal Now

जनावरहरूले प्रदेश-२ का अन्नबालीहरूमा क्षति गर्नुको साथै मानिसहरूलाई पनि आक्रमण गर्ने गरेको पाइन्छ । यसर्थ प्रदेश-१, प्रदेश-२ र प्रदेश-३ ले विपद्को जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न समन्वयात्मक तरिकाले कार्य गर्नुपर्दछ ।

नेपालको संविधान, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, स्थानीय सरकार सञ्चालन ऐन, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० तयार भई कार्यान्वयनमा आएका छन् । प्रदेश-२ सरकारले पनि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन तयार गरी कार्यान्वयनमा ल्याएको छ । प्रदेश-२ को विपद् जोखिमको अवस्था र सेन्डाइ ढाँचा लगायतका विपद्सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजमा नेपाल सरकारले गरेको प्रतिबद्धता, नेपालको संविधान, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन र संघीय तथा प्रादेशिक ऐनको मर्मअनुरूप प्रदेश-२ सरकारले विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण तथा व्यवस्थापन नीति निर्माण गर्नुपर्ने आवश्यकता भएकोले यो नीति तयार गरी कार्यान्वयनमा ल्याएको छ ।

## १.२ विपद् तथा जलवायुजन्य जोखिम विश्लेषण

### १.२.१ बाढीको जोखिम विश्लेषण

प्रदेश-२ बाढी, डुबान, कटान र पटान जस्ता प्रकोपहरूबाट वर्षेनी अत्यधिक मात्रामा प्रभावित हुने प्रदेशमध्ये पर्दछ । हरेक वर्ष बाढी, डुबान, कटान तथा पटानले हजारौं हेक्टर जमिन बगरमा परिणत हुँदै आएको छ भने हजारौं बिगाह जमिन कटान हुने गरेको छ । त्यसैगरी हरेक वर्ष चुरे क्षेत्रबाट बग्ने माटो, गेग्रानले नदी तथा खोलाको पिंध माथि उकास हुँदै आएको छ । परिणामस्वरूप नदीको सतह बढन गई वर्षातको समयमा खोला तथा नदीको पानी बस्तीभित्र पसेर डुबान हुने गरेको छ । तराईमा बाढी तथा डुबान शीर्षकको एक अध्ययनले सर्लाहीको लखनदेही नदीमा वर्षमा १७८००० मेट्रिक टन गेग्रानहरू थुप्रिने गरेको र झण्डै ४५ वर्षको दौरानमा नदीको सतह २ मिटरले उकास भएर माथि आएको उल्लेख गरेको छ[2] । राष्ट्रिय योजना आयोगको विपद् पछिको आवश्यकता लेखाजोखा सम्बन्धी एक प्रतिवेदनअनुसार वि.सं. २०७४ सालमा तराईमा आएको बाढी तथा डुबानले कूल ग्राहस्थ उत्पादनको ३ प्रतिशत क्षति गरेको थियो[3] । यसैगरी गृह मन्त्रालयको तथ्याङ्कअनुसार बाढीबाट विगत १० वर्षमा १२५ जनाको मृत्यु, २६ जना हराएका, ४४८६ घरहरू प्रभावित भएको, करिब १७०० गाईवस्तुहरूको मृत्युभएको र झण्डै ६५ करोडको आर्थिक क्षति भएको छ[4] ।

प्रदेश-१ र प्रदेश-३ मा जाने गरेको पहिरोको कारण नदीहरूले माटो, ढुङ्गा, बालुवा बगाएर ल्याउँदा र चुरे क्षेत्रबाट समेत बगेर आउने माटो, गेग्रान आदिले नदीको सतहलाई माथि उकास्ने गरेको कारणले प्रदेश-२ मा बाढी तथा डुबानको समस्या वर्षेनी देखिन्छ । यही अवस्था निरन्तर रहँदा तराईको खेतीयोग्य जमिन कालान्तरमा गएर मरुभूमिमा परिणत हुनसक्ने संभावना बढेर गएको देखिन्छ । जसको प्रत्यक्ष प्रभाव प्रदेश-२ मा मात्र नभएर समग्र देशको अर्थतन्त्रमा नै पर्न सक्ने यथार्थलाई नकार्न सकिदैन । यसका साथै छिमेकी राष्ट्र भारतद्वारा निर्माण गरिएको बाँध नेपाल सरकारद्वारा निर्माण गरिएको हुलाकी सडक, घरहरू बनाउँदा पानीले नडुब्ने गरी केही फिट माथि

[2] Flooding and Inundation in Terai, Basistha Raj Adhikari
[3] Post Disaster Need Assessment Report, NPC
[4] DRR Portal, Ministry of Home Affairs (MOHA)

उठाएर नबनाउनु, बढदो तथा अव्यवस्थित शहरीकरण र पानी निकासको लागि व्यवस्थित ढल व्यवस्था नहुनु जस्ता विविध कारणहरूले गर्दा तराईका जिल्लाहरूमा डुबान, कटान र पटानको समस्या सृजना भएको देखिन्छ ।

वर्षातको समयमा अत्यधिक धनजनको क्षति गर्ने प्रदेश-२ अर्न्तगत बग्ने नदी तथा खोलाहरू देहायबमोजिम छन् :

**धनुषा** : कमला, चारनाथ, जमुनी, जलाद, औरही, विघी, दूधमती

**महोत्तरी** : रातो, भब्सी (अंकुशी), जंघाहा, विग्ही

**सिराहा** : कमला, गागन, बलान, खुट्टी, सर्रे, बताहा, घुर्मी, जीवा, मैनावती

**सप्तरी** : कोशी, खाँडो, बलान, महुली, त्रियुगा, सुन्दरी, खडग, घोरदह, जीता

**सर्लाही** : लखनदेही, मनुस्मारा, सीम, बागमती

**रौतहट** : बागमती, लालबकैया, चाँदी, झाँझ

**बारा** : लालबकैया, घनसर, बगर, भमरा, लालखोला, पसाह, बंगरी, दूधौरी, काट नदी, बालगंगा, जमुनीर अरुवा

**पर्सा** : तिलावे, जमुनिया, भेडाहा, सिर्सिया, सरस्वता, ओरिया

### १.२.२ खडेरीको जोखिम विश्लेषण

प्रदेश-२ खडेरीको उच्च जोखिममा रहेको प्रदेश पनि हो । जलवायु परिवर्तनको प्रभावले समयमा पानी नपर्दा तराईमा खडेरीको समस्या हरेक वर्ष बढिरहेको छ । तापक्रम वृद्धिले भूमि सुख्खा हुँदा भूमिगत जलको सतह पनि घटदै गएको छ । अत्यधिक तापक्रमका कारण तराईका इनार, पोखरीहरू सुक्दै गएका छन् ।

समग्र नेपालको ३८ प्रतिशत भूभागमा मात्र सिंचाइ सुविधा छ भने अधिकांश जमिनमा सिंचाइको लागि आकाशे पानीको भर पर्नु पर्दछ । नेपालमा पहाड र तराईमा बस्ने करीव ५००० परिवार प्रत्येक वर्ष खडेरीले प्रभावित हुन्छन् भन्ने तथ्याङ्कले देखाउँछ[5] । प्रदेश-२ मा ७४.३ प्रतिशत भूभागमा सिंचाइ सुविधा छ र अन्य बाँकी भूभागले सिंचाइको लागि आकाशे पानीमा भर पर्नु पर्दछ । जलवायु परिवर्तनका प्रभावले खेती गर्ने समयमा पानी नपर्ने कारणले किसानहरूले समयमा धान खेती गर्न नपाउँदा अन्न उत्पादनमा ह्रास आएको छ । १९८१ देखि २०१० सम्मको २१० केन्द्रको वर्षाको प्रवृत्ति विश्लेषण गर्दा नेपालभर मनसुन सुरु हुनुभन्दा पहिले वर्षा बढिरहेको र मनसुन पश्चात् वर्षा घटिरहेको देखिन्छ । नेपाल सरकारको प्रतिवेदन अनुसार २००८ र २००९ मा गरिएको अध्ययनले तराई लगायत नेपालका ४० जिल्लाहरूमा खडेरीको समस्या उत्पन्न भएको उल्लेख गरिएको छ । यो क्रम आगामी दिनमा अझै बढन सक्ने संभावना रहेको छ[6] । यस कारणले गर्दा प्रदेश-२ खडेरीको उच्च जोखिममा रहेको प्रदेशको रूपमा रहेको छ ।

[5] DRR National Strategic Action Plan 2018-2030, Nepal
[6] DRR National Strategic Action Plan 2018-2030, Nepal

### १.२.३ आगलागीको जोखिम विश्लेषण

प्रदेश-२ को अर्को प्रमुख प्रकोपको रूपमा आगलागी रहेको छ । ग्रामीण इलाकामा प्रायः फुसका घरहरू हुनु, एकै ठाउँमा जोडिएर घरहरू बनाउनु र बाक्लो बस्ती बस्नु, आगो बाालिसकेपछि निभाउन सावधानी नअपनाउनु र सबै स्थानमा दमकल जान सक्ने बाटोहरू नहुनु आदि कारणले गर्दा प्रदेश-२ आगलागीको उच्च जोखिममा रहेको छ । विगत १० वर्षमा आगालागीबाट प्रदेश-२ मा ६७ जनाको मृत्यु भएको, ३०६ जना घाइते भएको, ५२०२ घरहरू प्रभावित भएको, ३८६८ गाईवस्तुहरूको मृत्यु भएको र करिब ४ अर्ब बराबरको आर्थिक क्षति भएको तथ्यांक रहेको छ[7] । यसका साथै शहरी क्षेत्रहरूमा पनि आगलागीका घटनाहरू भएको पाइन्छ । विद्युत सर्ट हुनु, ग्यास सिलिण्डर पडकिनु र अव्यवस्थित बिजुलीका तारहरूले रहनुले पनि शहरी क्षेत्रमा आगलागीको घटनाहरू हुने गरेका छन् । यस तथ्याङ्कलाई विश्लेषण गर्दा आगलागी आर्थिक क्षति गर्ने प्रकोपको रूपमा रहेको छ ।

### १.२.४ शीतलहरको जोखिम विश्लेषण

प्रदेश-२ को अर्को प्रमुख प्रकोपको रूपमा शीतलहर रहेको छ । शीतलहरको समयमा हुने अत्यधिक चिसोले विशेषगरी मानवीय क्षति गर्ने गरेको छ र यसबाट गरिब परिवारका बालबालिकाहरू र जेष्ठ नागरिकहरूले ज्यान गुमाउँदै आएका छन् । जाडो मौसममा प्रदेश-२ को न्यूनतम तापक्रम ७ डिग्री भन्दा कम हुने गरेको छ । विगत १० वर्षमा प्रदेश-२ मा शीतलहरबाट मात्रै ३१४ जना मानिसहरूको मृत्यु भएको तथ्यांक रहेको छ[8] । गरिबी, घरको कमजोर संरचना, अज्ञानता आदिको कारण गरिब घरपरिवारहरू बढी सङ्कटासन्न अवस्थामा रहेका छन् र उनीहरूले हरेक वर्ष शीतलहरबाट उत्पन्न हुने जोखिमको सामना गरिरहेका हुन्छन् । यसबाहेक शीतलहरले अन्नबालीहरू र तरकारी खेतीहरूमा पनि प्रत्येक वर्ष ठूलो क्षति गर्दै आएको छ ।

### १.२.५ अन्य प्रकोपको जोखिम विश्लेषण

प्रदेश-२ मा हावाहुरी, चटयाङ्ग, असिना, सर्पदंश, पोखरीमा डुब्ने र वन्यजन्तुबाट अन्नबालीहरू नष्ट गरिने जस्ता प्रकोपहरू पनि प्रत्येक वर्ष हुने गर्दछन् । मानवीय क्षति गर्ने सन्दर्भमा चट्याङ्ग एक प्रमुख प्रकोपको रूपमा देखिएको छ । विगत १० वर्षको तथ्याङ्कलाई हेर्ने हो भने चट्याङ्गबाट मात्रै प्रदेश-२ मा १०१ जना मानिसको मृत्यु भैसकेको छ[9] । हावाहुरी मानिसहरूलाई घाइते तथा मृत्यु गराउने प्रकोपको रूपमा रहेको छ । २०७६ सालमा बारा र पर्सामा आएको अत्यधिक तीव्र गतिको हावाहुरी घुम्रपातले गरेको धनजनको ठूलो नोक्सानीले पनि हावाहुरी प्रदेश-२ मा रहेको एक प्रमुख प्रकोप हो भन्ने देखाउँछ । जलवायु परिवर्तनका कारण यस्ता अस्वाभाविक घट्नाहरू वृद्धि हुँदै गएको छ । असिना र वन्यजन्तु आतंक अन्नबालीको नोक्सान गर्ने प्रकोपको रूपमा रहेको छ । हात्ती, गैंडा, नीलगाई, बँदेल, बाँदर जस्ता वन्यजन्तुले बार्षिक करोडौंको अन्नबाली क्षति गर्ने गरेको छ । प्रदेश-१ र प्रदेश-३ का वनजङ्गलहरूबाट वन्यजन्तुहरू प्रदेश-२ मा प्रवेश गरी अन्नबालीहरू नष्ट गर्ने गरेका छन् ।

---

[7] DRR Portal, Ministry of Home Affairs (MOHA)
[8] DRR Portal, Ministry of Home Affairs (MOHA)
[9] DRR Portal, Ministry of Home Affairs (MOHA)

प्रदेश-२ मा धेरै संख्यामा रहेका सार्वजनिक तथा निजी पोखरीहरूमा बालबालिकाहरू खेल्ने र नुहाउने क्रममा डुबेर मृत्यु हुने घटना पनि प्रत्येक वर्ष हुने गरेको छ । वर्षातको समयमा खाल्डाखुल्डीहरूमा भरिएको पानीमा पनि बालबालिकाहरू डुबेर मृत्यु भएको घटनाहरू छन् । सिराहा जिल्लामा मात्र पोखरीमा डुबेर २०७५ सालमा १५ जना बालबालिकाहरूको मृत्यु भएको तथ्याङ्क रहेको छ । तराईका जिल्लाहरूमा भूकम्पबाट विगतमा क्षति नभए पनि नेपाल भूकम्पीय दृष्टिकोणले उच्च जोखिममा रहेका हुँदा तराईका जिल्लाहरूमा पनि भूकम्पको जोखिम रहेको छ । तीव्र शहरीकरण, भवन आचारसंहिताको पूर्ण पालना नहुनु, भूकम्प सम्बन्धी ज्ञानको कमी हुन आदि कारणले प्रदेश-२ भूकम्पीय जोखिममा पनि रहेको छ । यी प्रकोपहरूको साथसाथै सर्पदंश आर्थात् सर्पको टोकाइ पनि यस प्रदेशको एक प्रमुख प्रकोपको रूपमा रहेको छ । बर्षातको समयमा सर्पको टोकाइबाट मानिसहरूको मृत्यु हुने गरेको घटनाहरू प्रत्येक बर्ष हुने गरेको छ ।

## परिच्छेद २ : दीर्घकालीन सोच, ध्येय, लक्ष्य, उद्देश्य, अवधारणा र नीतिहरू

### २.१ दीर्घकालीन सोच

विपद् र जलवायु उत्थानशील प्रदेशको रूपमा विकास गरी दिगो विकास मार्फत समृद्ध प्रदेशको निर्माण गर्ने यस नीतिको दीर्घकालीन सोच रहेको छ ।

### २.२ ध्येय

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनका कार्यलाई जोखिम संवेदनशील विकास अवधारणा अनुसार कार्यान्वयन गरी व्यक्ति, समुदाय तथा प्रदेशको मानवीय, सामाजिक, सांस्कृतिक, आर्थिक, भौतिक पूर्वाधार र वातावरणीय उत्थानशीलता अभिवृद्धि गर्ने यस नीतिको मूल ध्येय रहनेछ ।

### २.३ लक्ष्य

प्रदेश-२ मा प्रत्येक वर्ष बहुप्रकोपबाट हुने मानवीय मृत्यु, घाइते, प्रभावित परिवार, आर्थिक क्षति र आधारभूत सेवाहरू, जस्तै : शिक्षा, स्वास्थ्य, कृषी, खानेपानी, सडक, संचार, उद्योग, सांस्कृतिक सम्पदा, वातावरण र जीविकोपाजर्नमा भएको क्षतिलाई उल्लेख रूपमा न्यूनीकरण गर्ने यस नीतिको लक्ष्य रहेको छ ।

### २.४ उद्देश्यहरू

२.४.१ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन सम्बन्धी प्रदेशका सबै तह, वर्ग, क्षेत्रमा र समुदायमा बुझाइ तथा ज्ञानको अभिवृद्धि गर्ने ।

२.४.२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनका कार्यलाई विकासको प्रक्रिया, आवधिक र वार्षिक योजनामा मूलप्रवाहीकरण गरी विपद् र जलवायु सुशासनको अभिवृद्धि गर्ने ।

२.४.३ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनका सम्बन्धी कार्य गर्न सरकारी, सार्वजनिक, निजी र समुदायको लगानी वृद्धि गर्ने ।

२.४.४ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन सम्बन्धी कार्य गर्न प्रदेशको पूर्वतयारी र प्रतिकार्य क्षमता सुदृढीकरण गरी प्रतिकार्यलाई नतिजामूलक बनाउने ।

२.४.५ विपद् पश्चातका क्रियाकलापहरूलाई **“पहिलेको भन्दा झन् राम्रो र बलियो निर्माण”** अवधारणा अनुसार कार्य गरी पुनर्लाभ, पुनर्स्थापना र पुनर्निमाणका कार्यमा उत्थानशीलता अभिवृद्धि गर्ने ।

### २.५ अवधारणा

२.५.१ नेपालको संविधानले निर्दिष्ट गरेबमोजिम विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनमा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय, सहकार्य र साझेदारीको सिद्धान्तलाई अवलम्बन गर्ने ।

२.५.२ **रोग लागेर उपचार गर्नुभन्दा रोग नै लाग्न नदिनु** भन्ने सिद्धान्तलाई आत्मसात् गरी विपद् भएर प्रतिकार्य गर्नुभन्दा प्रकोपलाई विपद्मा परिणत हुन नदिने कार्यमा जोड दिन जोखिम संवेदनशील विकास अवधारणा अवलम्बन गर्ने ।

२.५.३ चुरेको माटो चुरेलाई नै चुरेको पानी तराईलाई भन्ने अवधारणा अवलम्बन गर्ने ।

२.५.४ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन कार्य अन्तरप्रदेश र अन्तरदेशीय समन्वय, सहकार्य र साझेदारी गर्ने अवधारणा अनुसार कार्य गर्ने ।

२.५.५ मानवरहित, चरिचरन मुक्त र संरक्षित क्षेत्र चुरे अवधारणा अनुसार कार्य गर्ने ।

२.५.६ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनका कार्य गर्दा समावेशी, पारदर्शी, सहभागितामूलक, उत्तरदायी लैङ्गिक तथा सामाजिक समावेशीकरणको अवधारणालाई अवलम्बन गर्ने ।

२.५.७ विपद्बाट प्रभावित सङ्कटासन्न समुहहरूलाई छिटो र प्रभावकारी प्रतिकार्य गर्न नेपाल सरकारको सामाजिक सुरक्षा ऐन अन्तर्गत सहयोग गर्न सामाग्री तथा नगद हस्तान्तरणको कार्यलाई एकीकृत गरेर सहयोग गर्ने अवधारणा अवलम्बन गर्ने । साथै जति राम्रो पूर्वतयारी त्यति राम्रो प्रतिकार्य भन्ने अवधारणा अनुसार कार्य गर्ने ।

२.५.८ परम्परागत स्थानीय ज्ञान, सीप र अभ्यासको पहिचान र अधिकतम उपयोग गर्ने अवधारणा अवलम्बन गर्ने ।

२.५.८ विपद् सबैको सरोकारको विषय हो र कसैलाई पनि पछाडि छोडिनु हुँदैन (Disaster is Every bodies Business and No One should be Left Behind) अवधारणा अनुसार महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू र विपद् जोखिम क्षेत्रमा बसोबास गर्ने समुदायको सहभागिता सुनिश्चित गर्दै सरकारी, सार्वजनिक, नागरिक समाज, निजी क्षेत्र, विकास साझेदार, दातृ निकाय, राजनीतिक दल र सञ्चार जगतको सहभागिता समेत सुनिश्चित गर्ने अवाधारणा अवलम्बन गर्ने ।

## २.६ नीतिहरू

१. विपद् जोखिम बारेमा सचेतना अभिवृद्धि गर्न विद्यालयस्तर देखि उच्चस्तर सम्मको शैक्षिक पाठयक्रममा साथै स्थानीय पाठ्यक्रमहरूमा विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलन बिषयलाई समावेश गरिनेछ । प्रदेश, स्थानीय तह र निजी क्षेत्रलाई विपद्को जोखिमबारे बुझाइ अभिवृद्धि गर्न जोड दिइनेछ ।

२. भौगोलिक सूचना प्रणाली, दूरसंवेदन प्रणाली, खुला स्रोत प्रणाली तथा समुदायमा आधारित पद्धतिबाट प्रकोपको सम्मुखता र सङ्कटासन्न अवस्थामा रहेका समुदाय, बस्ती तथा भौतिक संरचनाहरू, सांस्कृतिक सम्पदाहरू, उद्योग, व्यापार व्यवसाय, सेवाहरूको पहिचान गरी प्रदेशको जोखिमको नक्साङ्कन गरिनेछ र जनसाधारण तथा सरोकारवालाहरूलाई सूचना उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

३. विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरणका लागि आधुनिक तथा परम्परागत ज्ञान, सीप र अभ्यासहरूको अध्ययन, अनुसन्धान र पहिचान गरी उपयुक्त प्रविधिको प्रयोग गरी जोखिम न्यूनीकरण तथा व्यवस्थापन गरिनेछ ।

४. केन्द्र सरकार, प्रदेश सरकार, स्थानीय सरकार र अन्तरदेशीय सरकारसँगको समन्वयमा प्रदेश-२ अर्न्तगत भएर बग्ने नदी, खोलाखोल्सी र गल्छीहरूको अध्ययन अनुसन्धान गरी आवश्यकता अनुसार डाइभर्सन गर्ने, बाटो सहितको तटबन्ध निर्माण गर्ने, नदीको सतह गहिराउने र दाँयाबाँया वृक्षारोपण गर्ने जस्ता कार्यहरू गरिनेछ ।

५.पुराना जीर्ण रूपमा रहेका बाँधहरूको अध्ययन अनुसन्धान गरी आवश्यकता अनुसार मर्मत सम्भार गर्ने वा नयाँ बनाउने कार्यहरू गरिनेछ । साथै बाँधहरूमा सुलीगेशन गेटको निर्माण गरी पानीको बहाब नियन्त्रण र सञ्चालन गरिनेछ ।

६. डुबान क्षेत्रमा पानी निकासको लागि सम्बन्धित क्षेत्रसँग समन्वय र सहकार्य गरी डुबान क्षेत्रमा भौतिक संरचनाहरू निर्माण गर्दा अग्लो बनाएर निर्माण गर्न प्रोत्साहन गरिनेछ । शहरी डुबान क्षेत्रमा Flood Area Ratio र Floor Space Index अवधारणा अवलम्बन गरिनेछ ।

७ . प्रदेश-२ अर्न्तगत भएर बग्ने मुख्य नदीहरूमा पूर्वसूचना प्रणाली जडान गरी पूर्वसूचना प्रणालीमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक र विपन्न समुदायको पहुँच पुग्ने संयन्त्र तयार गरिनेछ र समय-समयमा नमुना अभ्यास गरी समुदायलाई क्षमतावान बनाउन जोड दिइनेछ ।

८. चुरे क्षेत्रलाई संरक्षण र प्रवर्द्धन गरिनेछ । चुरे क्षेत्रमा रहेको मानव बस्तीलाई स्थानान्तरण गरिनेछ, चुरे क्षेत्रलाई चरिचरन र खेतीपातीमुक्त संरक्षित क्षेत्र घोषणा गरिनेछ । चुरेबाट निर्माण गरिने सडकलाई नियन्त्रण गरिनेछ । चुरेबाट बगेर आउने माटो, ढुङ्गा, गिटी तथा बालुवालाई नियन्त्रण गर्ने कार्य गरिनेछ र संरक्षित क्षेत्रमा रूखबिरुवा लगाइनेछ ।

९. चुरे क्षेत्रमा स्थापना गरिएका क्रसर उद्योगहरूलाई बिस्तारै हटाउने व्यवस्था गर्दै गिटी, ढुङ्गा उत्खनन् कार्य र डोजर लगाउने कार्यलाई व्यवस्थित गरिनेछ ।

१० . समुदायमा आधारित सामुदायिक विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यक्रम लागू गरी समुदायलाई नै पहिलो जोखिम न्यूनीकरण र प्रतिकार्य कर्ताको रूपमा क्षमता विकास गरिनेछ ।

११. प्राकृतिक स्रोत साधनको प्रयोग गर्दा वातावरणीय असर र मानवीय जोखिम वृद्धि नहुनेगरी संघ, प्रदेश तथा स्थानीय सरकारले तय गरेका मापदण्ड अपनाएर कार्यान्वयन गरिनेछ ।

१२. जोखिमयुक्त स्थानमा भौतिक पूर्वाधारका संरचनाहरू बनाउन नपाइने र जोखिमयुक्त स्थानमा रहेका बस्तीहरूलाई स्थानान्तरण गरिनेछ ।

१३. राष्ट्रिय भवन संहितलाई पूर्णरूपमा कार्यान्वयन गरिनेछ र पुराना सार्वजनिक संरचनाहरूको प्रबलीकरण गरिनेछ । निजी क्षेत्रका संरचनाहरूलाई प्रबलीकरण गर्न प्रोत्साहित गरिनेछ ।

१४. वन्यजन्तुबाट हुँदै आएका अन्नबाली तथा मानवीय क्षतिलाई कम गर्न सौर्य तथा विद्युतीय तारबार गर्ने, वन्यजन्तुलाई वनक्षेत्रमा नै कायम राख्न आवश्यक पर्ने अध्ययन अनुसन्धान नीति र कार्यक्रमहरू तयार गरी सञ्चालन गर्ने, कृषि, पशु, व्यापार व्यवसाय उद्योगको बीमा गर्ने कार्यलाई अघि बढाइनेछ ।

१५. वन्यजन्तु आरक्षबाट बाहिर निस्कने जनावरहरूको वन्यजन्तु आरक्षभित्र नै सिमित राख्नको लागि अध्ययन अनुसन्धान गरी त्यसबाट आएको सल्लाह सुझावलाई कार्यान्वय गरिनेछ ।

१६. आगलागी र हावाहुरीबाट प्रत्येक वर्ष भइरहेको धनजनको क्षति कम गर्न फुसका घरहरूलाई बिस्तारै आगलागी र हावाहुरी प्रतिरोधी घर निर्माणले प्रतिस्थापन गर्ने कार्य अघि बढाइनेछ र व्यवस्थित बस्ती विकासमा प्रोत्साहन गर्न, आगलागी हुनबाट जोगाउन र हावाहुरीबाट बच्न जनचेतनाका कार्यक्रम गरिनेछ ।

१७. प्रत्येक गाउँपालिकामा दमकल अनिवार्य राख्नुपर्ने व्यवस्था गरिनेछ र प्रत्येक समुदायमा दमकल पुग्ने गरी बाटो फराकिलो गर्ने कार्य गरिनेछ । समुदायस्तरमा पनि आगलागी नियन्त्रण सम्बन्धी तालिम, दक्ष जनशक्ति र सामाग्रीहरूको व्यवस्था गरिनेछ ।

१८. बन र बस्तीबीच तथा वनजङ्गलभित्र अग्नि रेखा निर्माण गर्ने कार्यलाई जोड दिइनेछ र जथाभावी जङ्गल क्षेत्रमा सलाई, लाइटर, चुरोटको ठुटा फाल्ने कार्यलाई नियन्त्रित गरिनेछ ।

१९. विद्युतीय तारहरूलाई बिस्तारै इन्सुलेट गर्नेतर्फ जोड दिइनेछ र मर्मत गर्नुपर्ने विद्युतीय तार, ट्रान्समिटरहरू समयमै मर्मत गरिनेछ ।

२०.  सिंचाइको सुविधाको लागि कृषि विद्युतीकरण, सौर्य उर्जा विद्युतीकरण र बिजुलीको लाइन खेतसम्म पुऱ्याउने कार्यलाई बढावा दिइनेछ । कृषकहरूलाई सहुलियतको रूपमा अनुदान तथा सस्तो ब्याजदरमा ऋण प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

२१. व्यक्तिगत तथा सार्वजनिक पोखरी, मुहान, सिंचाइ कुलो, नहर, पैनी, जलाधारहरूको संरक्षण गरिनेछ । डिप बोरिङ, स्यालो टयुबवेलबाट सिंचाइको व्यवस्था गर्दै आकाशे पानी सङ्कलन, प्लाष्टिक पोखरी निर्माण गर्ने जस्ता कार्यलाई समेत अगाडि बढाइनेछ ।

२२. खडेरीको समस्या समाधान गर्न सुक्खामा, शीतलहरमा र डुबान क्षेत्रमा पनि हुने धान तथा अन्य बीउका प्रजाहिरूको सचेतना, प्रयोग र प्रचारप्रसार गरिनेछ । असिनाबाट हुन सक्ने जोखिमलाई कम गर्न टनेल खेतीलाई जोड दिइनेछ । विपद्बाट क्षति भएको क्षतिपूर्तिको लागि कृषि तथा पशुबीमा व्यवस्थालाई जोड दिइनेछ ।

२३. प्रदेश-२ को भूउपयोग योजना तयार गरी योजनावद्ध बस्ती विकासलाई जोड दिइनेछ ।

२४. प्रदेश-२ अर्न्तगत रहेका पोखरीहरूमा बालबालिकाहरू डुब्ने समस्याबाट छुटकारा पाउन अनिवार्य सुरक्षाको उपाय अपनाउने कार्यहरू गरिनेछ ।

२५. महिला, बालबालिका, युवा, अपाङ्गगता भएका व्यक्तिहरू, जेष्ठ नागरिकहरूको क्षमता अभिवृद्धि गरी आवश्यकता अनुसार विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा परिचालन गरिनेछ ।

२६. विपद् संवेदनशीलताको अवधारणा अनुरूप सार्वजनिक भौतिक संरचनाहरू, (सरकारी कार्यालय, शैक्षिक संस्थाहरू, स्वास्थ्य संस्थाहरू, सामुदायिक भवनहरू, आश्रय स्थलहरू, शिविरहरू महिला बालमैत्री, अपाङ्ग मैत्री र जेष्ठ नागरिक मैत्री बनाइनेछ ।

२७. वृहत विद्यालय सुरक्षा ढाँचा र सुरक्षित विद्यालयका आधारभूत मापदण्डहरूलाई सबै विद्यालयहरूमा सञ्चालन गरिनेछ ।

२८. व्यक्तिगत रूपमा माछा पोखरी निर्माणका लागि ऋण प्रवाह गर्दा तारबार लगाउनुपर्ने अनिवार्य व्यवस्था गरिनेछ ।

२९. शीतलहरबाट हुन सक्ने क्षतिलाई आधार मानेर न्यानो घर बनाउने कार्यलाई प्रोत्साहन गरिनेछ उक्त कार्यको लागि सहरी विकास तथा भवन निर्माण विभाग र यस अन्तर्गतका कार्यालयहरूसँग समन्वय गरिनेछ । अति विपन्न समुदायमा दाउरा तथा न्यानो कपडा, ओढ्ने ओछ्याउने सामाग्रीहरू वितरण गरिनेछ ।

३०. प्रत्येक मौसममा हुन सक्ने प्रकोपको घटनालाई आधार मानेर मौसम सम्बन्धी र सर्तकता सम्बन्धी पूर्वसूचना दिने कार्यलाई जोड दिइनेछ ।

३१. सडक दुर्घटनाहरूमा कमी ल्याउन यातायात व्यवसायी संघ र ट्राफिक कार्यालयसँगको समन्वय र साझेदारीमा सवारी चालकलाई सुरक्षित सवारी चलाउने सम्बन्धी प्रशिक्षण दिने कार्यलाई अगाडि बढाइनेछ । सर्वसाधारणको लागि सडक सुरक्षा सम्बन्धी सचेतनाका कार्यक्रम गरिनेछ ।

३२. रेल दुर्घटना सम्बन्धी आवश्यक सुरक्षाका उपायहरू अपनाइनेछ ।

३३. प्रदेश स्तरको ट्रमा सेन्टरको स्थापना गरिनेछ ।

३४. चट्याङ्गबाट सुरक्षित रहनको लागि सरकारी, सार्वजनिक तथा निजी घरहरूमा अर्थिङ्ग गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ । चट्याङ्गबाट सुरक्षित हुने आधुनिक प्रविधिको अध्ययन र प्रयोग र जनचेतना अभिवृद्धि गर्ने कार्य गरिनेछ ।

३५. प्राथमिक स्वास्थ्य केन्द्रहरूमा सर्पदंशको उपचार केन्द्र स्थापना गरिनेछ र एम्वुलेन्सको समेत व्यवस्था गरिनेछ ।

३६. पानी, वायु आदि वातावरणीय पक्षमा प्रदूषण नियन्त्रण गरी माहामारीजन्य रोगब्याधिको जोखिम कम गर्न उद्योगबाट उत्पादन हुने फोहर र रसायनहरू व्यवस्थित गरिनेछ ।

३७ . विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तनलाई आवधिक र वार्षिक योजनामा मूलप्रवाहीकरण गरी प्रदेश, स्थानीय तह र नीजी क्षेत्रबीचको सहकार्यमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको कार्यलाई परिचालन गरिनेछ ।

३८ . प्रदेश तह, स्थानीय तह, वडा र समुदाय स्तरसम्म विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति गठन गरी क्षमता विकास गरिनेछ ।

३९. प्रदेश तहमा प्रदेश स्तरीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण गठन गरी विपद् सम्बन्धी छुट्टै संगठनको विकास गरिनेछ । उक्त संगठनलाई आधुनिक प्रविधि, तालिम, दक्ष जनशक्ति युक्त संगठनको रूपमा विकास गरिनेछ ।

४०. प्रदेश तह, जिल्ला तह र स्थानीय तहमा आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना गरी संघ, प्रदेश, जिल्ला र स्थानीय तहमा समन्वयात्मक रूपले विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई अगाडि बढाइनेछ ।

४१. प्रादेशिक विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तत अनुकूलन मंच (Provincial DRRM and Climate Change Adaptation Platform) तयार गरिनेछ ।

४२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनमा समावेशी, पारदर्शी, सहभागितामूलक, उत्तरदायी लैङ्गिक तथा सामाजिक समावेशीकरणका कार्यहरूलाई अनिवार्य गरिनेछ ।

४३. भूमिगत पानीको सतह वृद्धिको लागि आवश्यक अध्ययन, अनुसन्धान र कार्यक्रमहरू सञ्चालन गरिनेछ । चुरे क्षेत्र लगायत आवश्यक पर्ने स्थानमा रिचार्ज पोखरी तथा संरक्षण पोखरीहरूको निर्माण गरिनेछ ।

४४. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनमा सरकारी र सार्वजनिक, विकास साझेदार, दातृ संस्था, नीजी क्षेत्रहरू, जस्तै : बैंकहरू, उद्योगहरू, पर्यटन व्यवसायीहरू, सहकारी, सञ्चार जगत, राजनीतिक दल, बीमा कम्पनीहरूसँग समन्वयात्मक कार्य गर्दै लगानी अभिवृद्धि गरिनेछ । व्यवसायिक सामाजिक उत्तरदायित्व (CSR) लाई व्यवहारमा ल्याउन जोड दिइनेछ । निजी क्षेत्रको व्यवसायिक निरन्तरता योजना बनाउने कार्यलाई प्रोत्साहित गरिनेछ ।

४५. सरकारी, सार्वजनिक, विकास साझेदार, दातृ निकाय, अन्तर्राष्ट्रिय र राष्ट्रिय गैरसरकारी संस्थाहरूको योजना तथा बजेटमा जोखिम संवेदनशील योजना र बजेट बनाउन सचेतना अभिवृद्धि गरिनेछ र विकासका कार्यहरू जोखिमको संवेदनशीलतामा आधारित रहँदै अगाडि बढाइनेछ । यसका लागि जोखिम प्रभाव विश्लेषणको कार्यविधि तयार गरी कार्यान्वयन गरिनेछ ।

४६. प्रदेश, जिल्ला र स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण (रोकथाम, अल्पीकरण, अनुकूलन) र व्यवस्थापन (पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ) कोषको स्थापना गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि खर्च गर्ने कार्य गरिनेछ ।

४७. प्रदेश तथा स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण र विपद् पूर्वतयारी र प्रतिकार्य योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । साथै जलवायु परिवर्तन अनुकूलनका कार्यलाई विपद् जोखिमसँग समाहित गर्दै अगाडि लगिनेछ ।

४८. प्रदेश तथा स्थानीय तहमा भण्डार गृहहरू स्थापना गरिनेछ र भण्डार गृहमा विपद् प्रतिकार्यको लागि आवश्यक पर्ने जीवन रक्षाका लागि अत्यावश्यक राहत सामाग्रीहरू औषधी, खाद्यान्न, पानी, पानी शुद्धीकरणका सामाग्रीहरू, लत्ताकपडा, निर्माण सामाग्री, उमेर अनुसार, संस्कृति अनुसार, लिङ्ग अनुसार र अपाङ्गता भएका व्यक्तिहरूको लागि आवश्यक पर्ने सामाग्रीहरू भण्डारण गरिनेछ ।

४९. राहत वितरण सम्बन्धी अन्तर्राष्ट्रिय र राष्ट्रिय मापदण्डसँग मेल खानेगरी प्रदेश स्तरीय राहत वितरण मापदण्ड तयार गरी लागू गरिनेछ ।

५०. प्रतिकार्यको कार्यलाई द्रुत, प्रभावकारी र सबैको पहुँचमा पुऱ्याउन विशेषगरी विपद्बाट प्रभावित महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, गरिब, दलित परिवारलाई आवश्यकता अनुसार सामाग्री तथा नगद प्रवाहको व्यवस्था मिलाइनेछ । नगद प्रवाहको लागि नेपाल सरकारको सामाजिक सुरक्षा भत्ता कार्यक्रमसँग जोडेर लगिनेछ । सो कार्यको लागि सबै सङ्कटासन्न वर्गहरूको बैंकसँगको पहुँच सुनिश्चित गरिनेछ । सो कार्यको पूर्वतयारी गरिनेछ ।

५१. खोज तथा उद्धारका कार्यलाई प्रभावकारी बनाउन तराईका सबै जिल्लाहरूमा रबर बोट, मोटर बोट, डुङ्गा, डोरीको व्यवस्था गरिनेछ भने प्रदेशस्तरमा हेलिकप्टरको माध्यमबाट खोज तथा उद्धार गर्ने व्यवस्था मिलाइनेछ । ठाउँठाउँमा हेलिकप्टर अवतरण गर्न सक्ने हेलिप्याडहरू निर्माण गरिनेछ ।

५२. प्रत्येक स्वास्थ्य केन्द्रहरूमा आकस्मिक अवस्थाको लागि आवश्यक पर्ने द्रुत टोली औषधिहरूको बफर स्टक राख्ने पर्ने व्यवस्था गरिनेछ ।

५३. प्रदेश, स्थानीय तह र समुदाय स्तरमा खोजतलास तथा उद्धार गर्न सक्ने, प्राथमिक उपचार गर्न सक्ने, मनोसामाजिक परामर्श दिन सक्ने, पूर्वसूचना दिन सक्ने, राहत वितरण गर्न सक्ने दक्ष जनशक्तिहरू तयार गरी आवश्यकता अनुसार परिचालन गरिनेछ ।

५४. प्रदेश, जिल्ला, स्थानीय तह, वडा तथा समुदाय स्तरको सुरक्षा निकायमा खोज तथा उद्धार गर्न सक्ने दक्ष जनशक्ति र आधारभूत खोज तथा उद्धारका सामाग्रीहरू तयारी अवस्थामा राखिनेछ ।

५५. प्रदेश तथा स्थानीय तहमा खुला क्षेत्रको पहिचान गरी व्यवस्थित गरिनेछ । आपतकालीन आश्रयस्थलहरूको निर्माण गरिनेछ । आपतकालीन आश्रयस्थल सम्म पुग्ने र बाढीको पूर्वसूचना सम्बन्धी जानकारी दिने संयन्त्र विकास गरिनेछ ।

५६. विपद्को अवस्थालाई मध्यनजर गरी विपद् सम्बन्धी घरायसी पारिवारिक योजना तयार गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ ।

५७. सबै विषयगत क्षेत्रले आकस्मिक योजना निर्माण गरी सोही अनुसार पूर्वतयारी अवस्थामा रहने कार्यलाई अगाडि बढाइनेछ ।

५८. ठूला विपद्को समयमा अन्तर्राष्ट्रिय मानवीय सहायता सामाग्रीहरूको सहज आपूर्तिको लागि व्यवस्था मिलाइनेछ । विमानस्थलहरूमा मानवीय सहायता सामाग्री राख्ने व्यवस्था

मिलाइने छ । अन्तर्राष्ट्रिय सहायता दिन आउने व्यक्तिहरूको प्रवेशाज्ञा र भन्सारमा सामान ल्याउनको लागि हुने कानुनी प्रक्रिया सहज गर्न संघीय सरकारसँग समन्वय गरिनेछ ।

५९. विपद् पश्चातको पुनर्लाभ, पुनर्स्थापना र पुनर्निर्माणका कार्यलाई अवसरको रूपमा लिँदै पहिलेको भन्दा अझ राम्रो झन् बलियो (Build Back Better) तथा उत्थानशीलता विकास अवधारणा अनुसार कार्य गरिनेछ ।

६०. विपद् पश्चातको पुनर्लाभ, पुनर्स्थापना र पुनर्निर्माणका कार्यहरू स्थानीय स्रोत साधनको प्रयोग र वातावरणमा असर नपर्ने गरी हरित पुनर्लाभ तथा पुनर्निर्माण (Green Recovery and Reconstruction) को मर्म अनुसार कार्य गरिनेछ ।

६१. प्रदेश-१, प्रदेश-२ र प्रदेश-३ सँग समन्वयात्मक तरिकाले कार्य गर्न प्रदेशगत-समन्वय ढाँचा तयार गरी एक आपसमा भएको मानवीय, भौतिक, प्राविधिक र आर्थिक स्रोतहरूको परिचालन गरी विपद् र जलवायु जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा समन्वय, साझेदारी र सहकार्य गरिनेछ ।

## परिच्छेद ३ : नीति कार्यान्वयन, अनुगमन, मूल्याङ्कन, पुनरावलोकन

### ३.१ नीतिको कार्यान्वयन र समन्वय

यस नीतिको कार्यान्वयनको लागि तल उल्लेख गरिएका उपायहरू अवलम्बन गरिनेछ :

३.१.१ यस नीतिको कार्यान्वयनको लागि प्रदेश र स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन रणनीतिक कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ ।

३.१.२ प्रदेश र स्थानीय तहको आवधिक योजना र वार्षिक योजना निर्माण गर्दा यस नीतिमा भएका व्यवस्थाहरूलाई एकीकृत गरी मूलप्रवाहीकरण गरी कार्यान्वयन गरिनेछ ।

३.१.३ विषयगत मन्त्रालय, सार्वजनिक निकायहरू, विकासका साझेदार, राष्ट्रसंघीय संस्थाहरू, अन्तर्राष्ट्रिय, राष्ट्रिय गैर सरकारी संस्थाहरू र निजी क्षेत्रको योजना निर्माण र कार्यान्वयन गर्दा यस नीतिमा भएका प्रावधानहरूलाई मार्गदर्शनको रूपमा लिई योजना निर्माण र कार्यान्वयन गरिनेछ ।

३.१.४ विपद् जोखिम न्यूनीकरण कोष र आकस्मिक कोष खडा गरी यस नीतिमा भएका प्रावधानहरूलाई कार्यान्वयनमा लगिनेछ ।

३.१.५ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित कार्यको प्रभावकारी कार्यान्वयनको लागि संघ, प्रदेश, स्थानीय तह, विकास साझेदार, अन्तर्राष्ट्रिय र राष्ट्रिय गैर सरकारी संस्थाहरू, समुदाय, राजनैतिक दल, रेडक्रस अभियानका अङ्गहरू र निजी क्षेत्रको समन्वय र सहकार्यमा कार्यान्वयन गरिनेछ ।

### ३.२ नीतिको अनुगमन, मूल्याङ्कन

३.२.१ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्रदेश परिषद्ले यस नीतिको अनुगमन र मूल्याङ्कन गर्नेछ ।

३.२.२ प्रदेश स्तर र स्थानीय तहको अनुगमन मूल्याङ्कनको फाराम तथा ढाँचामा यस नीतिमा भएका प्रावधानहरू कार्यान्वयन भए नभएको सूचक तयार गरी अनुगमन र मूल्याङ्कन गरिनेछ ।

३.२.३ विपद् जोखिम न्यूनीकरणका कार्यले पुऱ्याएको योगदानको अनुगमन गर्दा जोगिएको जनधनको विवरण, जोखिम न्यूनीकरण तथा व्यवस्थानका लागि निर्माण गरिएका भौतिक संरचनाबाट पुग्न गएको सुविधा र प्रतिफल, प्रभावित समुदायको उत्थानशीलतामा आएको परिवर्तन आदिलाई ध्यान दिइनेछ ।

३.२.४ यस नीतिको कार्यान्वय भए नभएको अर्धवार्षिक रूपमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्रदेश परिषद्ले समीक्षा गर्नेछ र वार्षिक रूपमा प्रदेश विपद् तथा जलवायुजन्य जोखिम प्रगति प्रतिवेदन तयार गर्नेछ ।

### ३.३ नीतिको पुनरावलोकन

३.३.१ यस नीतिलाई समय र आवश्यकता अनुसार पुनरावलोकन गरिनेछ ।